# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः८ संख्याः१२ प्रकाशन मितिः

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# हलगोरु पालन पोषण अनुदान कार्याक्रम कार्यन्वयन कार्यविधि-२०८१

गाउँपालिकाबाट स्वीकृत मितिः२०८१/०५/११

# हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

**स्वीकृत मितिः २०८१/०५/११**

## प्रस्तावना

बढ्दै गएको बजारीकरण र आधुनिकीकरणका कारण स्थानीय गोरु लोप हुने अवस्थामा छन । व्यावसायिकीकरण तर्फ आकर्षित भएका कृषकहरुले उन्नत जातका पशुपालन गर्ने र धेरै उत्पादन गर्ने होडबाजीका कारण आधुनिक उपकरण तथा औजार प्रयोग गर्दा स्थानीय गोरु अव्यवस्थित हुने र लोप हुने अवस्थामा पुगेका छन । यसरी गोरु पालन गरी खेत जोत्ने तथा खेतिको लागी आवश्यक प्राङ्गारिक मल उत्पादन गर्ने परम्पराको संरक्षण गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी म्याग्दे गाउँपालिका ले यो कार्यविधी बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क. **"कार्यालय"** भन्नाले म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ

ख. **"कार्यक्रम"** भन्नाले म्याग्दे गाउँपालिकाको हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रम तथा बजेट सम्झनु पर्दछ ।

ग. **"गाउँपालिका"** भन्नाले म्याग्दे गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ. **"कृषक"** भन्नाले आफ्नै हल गोरु भएको व्यक्ति सम्झनु पर्दछ।

ङ. **"शाखा"** भन्नाले म्याग्दे गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

च. **"समिति"** भन्नाले म्याग्दे गाउँपालिकामा गठित आर्थिक विकास समिति (पशु सेवा तर्फ) लाई सम्झनु पर्दछ ।

**३.उद्देश्यहरु :-**

- स्थानीय गोरुको संरक्षण गर्ने,
- गोरुले जोतेर खेती गर्ने परम्पराको संरक्षण गर्ने,
- रोजगारी श्रृजना गर्ने,

## • परिच्छेद २

## ४. मुल्याङकन तथा छनौट विधि

✓ प्रस्ताव/निवेदन संकलन गरी सुचिकृत भएका कृषक मध्ये अनुसुची ४ बमोजिमको मापदण्ड अनुसार आवेदकको मुल्याङ्कन गरी उपयुक्त कृषक छनौटको लागी समितिद्धारा कोटा निर्धारण गरी संवन्धित वडा कार्यालयमा पठाईने छ ।

✓ सम्वन्धित वडाले छनौट गरी पठाएको कृषकलाई समितिबाट निर्णय गरी प्रोत्साहन रकम उपलब्ध गराईने छ ।

**५. अनुगमन तथा मुल्याङकनः** यस कार्यक्रमको अनुगमन तथा मुल्याङकन गाउँपालिका, वडा कार्यालयबाट गरिने छ । साथै, गाउँपालिका अनुगमन समिति तथा आर्थिक विकास समितिबाट समेत समेत अनुगमन गर्न सकिनेछ ।

## परिच्छेद ३

## ६. कार्यक्रम संचालन प्रकिया

क) कार्यक्रम संचालनका लागि पालिकाले १५ दिनको समय सिमा राखी अनुसुची १ बमोजिमको सूचना प्रकाशन गर्नेछ,

ख) कार्यक्रममा सहभागी हुन चाहाने कृषकहरुले अनुसुची २ बमोजिमको निवेदन म्यागदे गाउँपालिका पशु सेवा शाखामा पेश गर्नुपर्नेछ,

**निवेदन पेश गर्दा समावेश गर्नुपर्ने कागजातहरुः-**

१. हलगोरुको पहिचानका लागि लगाईएको पशु पहिचान संकेत नम्बर (TAG) नम्वर,
२. पहिचान गरिएका हल गोरुको बिमा विमालेखको छायाप्रति,
३. नागरिकताको छायाँप्रति
४. बैङ्कको खाता नं.
५. अनुसुची ३ बमोजिमको कम्तिमा तिन वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न भएको तथा हुने प्रतिवद्धता पत्र ।

६. निवेदक र हल गोरु संयुक्त रुपमा देखिने फोटो

ग) आवेदकलाई जानकारीः आवेदक कृषक छनोट भए लगतै सम्वन्धित कृषकलाई जानकारी कार्यालयले गर्ने छ ।

**परिच्छेद ४**

**७. भुक्तानीको प्रक्रिया :-**

क) छनौट भएका कृषकहरुलाई प्रति हल गोरु बराबर बढीमा रु १५०००।(पन्ध्र हजार रुपैया) का दरले निजले उपलब्ध गराएको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराइनेछ ।

८. संशोधनः यो कार्यविधि कार्यान्वयनको क्रममा बाधा अडचन आइपरेमा कार्यपालिकाले फुकाउन सक्नेछ ।

९. बचाउः यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

# अनुसूची १

## (दफा ६ सँग सम्बन्धीत)

## सूचना

प्रथम पटक प्रकाशित मितिः-.................

आ.व. ......................को बार्षिक स्वीकृत कार्यक्रम अनुसार हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रमको माध्यमवाट स्वरोजगार सृजना गर्ने साथै गोरुले खेत जोति खेति गर्ने परम्पराको संरक्षण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक वाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक कृषकले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाउँपालिकाको पशु सेवा शाखामा दर्ता गर्नु हुन यो सूचना जारी गरिएको छ । पिछडिएको क्षेत्र, द्वन्द पिडित र विपन्न वर्गका समुदाय लाई विषेश प्राथमिकता दिइनेछ ।

तपसिल

१. हलगोरुको पहिचानका लागि लगाईएको पशु पहिचान संकेत नम्बर (TAG) नम्वर,
२. पहिचान गरिएका हल गोरुको बिमा विमालेखको छायाप्रति,
३. नागरिकताको छायाँप्रति
४. बैङ्कको खाता नं.
५. अनुसुची ३ बमोजिमको कम्तिमा तिन वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न भएको तथा हुने प्रतिवद्धता पत्र ।
६. निवेदक र हल गोरु संयुक्त रुपमा देखिने फोटो

# आवेदन पत्र

श्रीमान शाखा प्रमुखज्यू, मितिः-
म्याग्दे गाउँपालिका
पशु सेवा उपशाखा, थर्पु तनहुँ ।

विषयः- हल गोरु पोषण अनुदान रकम उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्वन्धमा म्याग्दे गाउँपालिका वडा नं. ... निवासी म .................... ......... .........ले तपसिलको विवरण रहेको हल गोरु पालन पोषण गरेको हुँदा तहाँ शाखाको मिति २०८१/१०/०७ गतेको सुचना अनुसार पाउँनुपर्ने हल गोरु पोषण अनुदान रकम उपलब्ध गराई पाउँ भनी तपसिलका कागजात सङ्लग्न गरी यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. हल गोरु संख्याः-
२. प्रतिवद्धता पत्र
३. सङ्लग्न कागजातहरुः

- नागरिकताको प्रतिलिपी
- बैङ्कको चेक छाँया प्रति
- हल गोरु सहित पशु पालकको फोटो

निवेदकको दस्तखतः

नामः-

ठेगानाः-

फोन नं.

मितिः-

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
म्याग्दे गाउँपालिका

**विषयः- प्रतिवद्धता सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा म म्याग्दे गाउँपालिका वडा नं. .......... निवासी ..................................... ले विगत वर्ष देखी नै ................. गोटा हल गोरु पालन गरी खेती गरिरहेको र तहाँ पशु सेवा उपशाखाको मिति २०८१/१०/०७ गते प्रकाशित सुचना अनुसार उक्त कार्यक्रममा छनौट भएमा कम्तिमा तिन वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा सङ्लग्न हुने प्रतिवद्धता जाहेर गर्दछु ।

नामः-
ठेगानाः-

अनुसूची ४

(दफा ४ सँग सम्बन्धित)

हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रममा कृषक छनौट गर्दा अपनाईने <u>मूल्याङ्कनका आधारहरु</u>

| र्ता नं. | ठेगाना | कम्तिमा ३ वर्ष देखी हल गोरु पालन गरेको लाई (३०) | तिन वर्ष भन्दा कम अवधी देखी हल गोरु पालन गरेको लाई (१०) | आफ्नो मात्र खेत जोत्ने कृषक लाई (१०) | अन्य कृषकको पनि खेत जोत्ने कृषक लाई (२०) | दलित तथा पिछडिएको क्षेत्र (१०), | द्धन्द पिडित ( १०) | विपन्न वर्गका समुदाय(१० ) | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**आज्ञाले**
**नारायण प्रसाद अधिकारी**
**प्रमखु प्रशासकीय अधिकृत**